## १. भूमिका

नेपालको वर्तमान संविधानको धारा १२७ को उपधारा (२) बमोजिम उपधारा (१) मा लेखिएदेखि बाहेक कानून बमोजिम मुद्दा हेर्न स्थानीय स्तरमा न्यायिक निकाय वा विवाद समाधानका वैकल्पिक उपाय अवलम्बन गर्न आवश्यकता अनुसार अन्य निकाय गठन गर्न सकिनेछ भन्ने संवैधानिक प्रावधान बमोजिम विभिन्न खास मुद्दाहरु हेर्न विभिन्न अदालतहरु तथा न्यायाधिकरणहरु गठन नेपाल सरकारले गरेको देखिन्छ। उक्त निकायहरुमा मुद्दाहरु अभियोजन,बहसपैरवी जस्ता कामहरु गर्नको लागि खास कार्यालयको पनि स्थापना नेपाल सरकारले गरेको अवस्था छ। बि.सं २०७० सालमा नेपाल सरकारले महान्यायाधिवक्ताको कार्यालयको मातहतमा रहने गरी विशेष सरकारी वकील कार्यालयको गठन गरेको पाइन्छ। यस निकायले बिशेष गरी बिशेष अदालतमा दर्ता हुने मुद्दाहरुको बहसपैरवी गर्ने, वैकिङ्ग कसूर सम्बन्धी मुद्दाहरुको मुद्दाहरु चल्ने नचल्ने निर्णय गर्ने र अभियोगपत्र दायर गर्ने साथै बहस पैरवी गर्ने, राजश्व सम्बन्धी मुद्दाहरुको बहस पैरवी गर्ने र वैदेशिक रोजगार सम्बन्धी मुद्दाहरुमा मुद्दा चल्ने नचल्ने निर्णय गर्ने तथा बहसपैरवी गर्ने कार्यहरु गर्ने गर्दछ।

यसैगरी यस निकाय गठन पश्चात कार्यालयले प्रथम पञ्चबर्षीय रणनीतिक योजना (०६८/069-०७२/७३) लागू भए देखि त्यस योजनाले तय गरिदिएका यस कार्यालयको आफ्नो क्रियाकलापहरु गर्दै आएको थियो। हाल लागू भइरहेको दोस्रो पञ्चबर्षीय रणनीतिक योजनाभित्र पनि उक्त योजनाले कोरिदिएका रणनितीहरु भित्र रहि यस कार्यालयले तयार गरेको रणनीतिक योजना वा बार्षिक कार्ययोजनाको सिमिततामा रही कार्य गर्दै आएको छ।

## २. कार्यक्रमको परिचय

विशेष सरकारी वकील कार्यालय, काठमाण्डौंको आयोजनामा दुइ दिने **×विशेष सरकारी वकील कार्यालयको वर्तमान अवस्था, सुधारका क्षेत्रहरु र भावी रणनिती"** सम्बन्धी कार्यक्रम २०७६ जेठ ३१ र ३२ गते नगरकोटमा सम्पन्न भएको छ।

विशेष सरकारी वकील कार्यालयको स्थापनाकालदेखि हालसम्म कार्यालयले के कस्ता कार्यहरु सम्पादन गर्दछ र सोको यथार्थ जानकारी दिने सुधारका क्षेत्रहरु के के हुनसक्छन् साथै आगामी दिनहरुमा यस कार्यालयले के कस्ता रणनिति लिई कार्यालयलाई सुधारात्मक दिशा तर्फ लैजान सकिन्छ। प्रभावकारी रुपमा कार्यालयको कार्यसम्पादन कसरी अगाडि बढाउने भन्ने समेत उद्देश्यले महान्यायाधिवक्ताको कार्यालयसंग समन्वय र सहकार्य गरी कार्यक्रम आयोजना गरिएको थियो।

महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चबर्षीय रणनितीक योजनाको लक्ष्य अनुरुप विशेष सरकारी वकील कार्यालयको बार्षिक कार्यक्रम अन्तर्गत आयोजना गरिएको उक्त कार्यक्रममा विशेष सरकारी वकील कार्यालयको वर्तमान अवस्था र सुधारका क्षेत्रहरुबारे तथा विशेष सरकारी वकील कार्यालयको भावी रणनीतिहरु सम्बन्धी प्रस्तुतीकरण सह-न्यायाधिवक्ता श्री मुरारीप्रसाद

पौडेलबाट भएको थियो। उक्त प्रस्तुतीकरणका क्रममा कार्यालयको हालसम्मको प्रगतिहरु, मुद्दाहरुको अवस्था, जनशक्ति तथा भौतिक अवस्थाको चित्रण गर्दै सुधारका क्षेत्रहरु बिषयमा प्रकाश पार्नुका साथै भावी रणनितीहरुको बारेमा समेत प्रस्तुतीकरण मार्फत छलफल र अन्तरक्रिया गरिएको थियो।

माननीय महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेलको प्रमुख आतिथ्यमा आरम्भ भएको उक्त कार्यक्रममा नायब महान्यायाधिवक्ताहरु तथा महान्यायाधिवक्ताको कार्यालय र अन्तर्गत कार्यालयका सह-न्यायाधिवक्ताहरुको उपस्थिति रहेको थियो भने विशेष सरकारी वकील कार्यालयको अधिकृतस्तरका कर्मचारीहरुको सहभागिता रहेको थियो। कार्यक्रमको अध्यक्षता नायब महान्यायाधिवक्ता खगराज पौडैलले गर्नुभएको थियो।

**३. कार्यक्रमको उद्देश्य**

१. विशेष सरकारी वकील कार्यालयको वर्तमान अवस्था र सुधारका क्षेत्रहरुबारे जानकारी गराई विशेष सरकारी वकील कार्यालयको भावी रणनीतिहरु सम्बन्धी प्रस्तुतीकरण तथा छलफल गरी आवश्यक सुधार गरी आगामी आर्थिक बर्ष २०७६/०७७ मा कार्यान्वयनमा ल्याउने।

**४. कार्यक्रमको विवरण**

कार्यक्रमको विस्तृत विवरणलाई संक्षिप्त रुपमा यहाँ प्रतिवेदनमा उल्लेख गर्ने क्रममा कार्यक्रमको कार्यतालिका सम्बन्धमा अनुसूचि-१, कार्यक्रममा प्रस्तुत गरिएका विषयहरुका बारे संक्षिप्त उल्लेख गरिएकोमा अनुसूची-२ मा सो विषयहरु संलग्न गरिएको प्रस्तुतीकरण र कार्यक्रमका सहभागीहरुको नामावली जसलाई अनुसूची-३ मा समावेश गरिएको छ।

कार्यक्रमको अध्यक्षता महान्यायाधिवक्ताको कार्यालयका नायब महान्यायाधिवक्ता श्री खगराज पौडेल र कार्यक्रमको प्रमुख अतिथी माननीय महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेल रहनुभएको थियो। कार्यक्रममा महान्यायाधिवक्ताको कार्यालयका नायव महान्यायाधिवक्ताहरु, सहन्यायाधिवक्तारु, विशेष सरकारी वकील कार्यालयका अधिकृतस्तरका कर्मचारीहरुको सहभागिता रहेको थियो।

कार्यक्रममा प्रमुख अतिथि लगायत सहभागीहरुलाई स्वागत गर्दै तथा कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै विशेष सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता श्री मुरारीप्रसाद पौडेलले विशेष सरकारी वकील कार्यालयको वर्तमान अवस्था, सुधारका क्षेत्रहरुबारे र भावी रणनीतिहरु सम्बन्धी प्रस्तुतीकरण गर्नुभएको थियो।

**कार्यक्रममा प्रस्तुत गरिएको विषयहरु**

**पहिलो विषय**

पहिलो विषय ×विशेष सरकारी वकील कार्यालय, काठमाडौंको वर्तमान अवस्था र सुधारका क्षेत्रहरु" रहेको थियो।

**दोस्रो बिषय**

दोस्रो बिषयमा ×विशेष सरकारी वकील कार्यालयको रणनीतिक योजना २०७६-०७७" रहेको थियो।

यि दुवै विषयहरुको प्रस्तुतीकरण श्री मुरारीप्रसाद पौडेलले गर्नुभएको थियो।

प्रस्तुत गरिएका विषयहरुको सहभागीहरुवीच छलफल राखिएकोमा छलफलमा केही सहभागीहरुले व्यक्त गर्नुभएको सुझावसहितको विचारहरुलाई बुँदागत रुपमा देहायबमोजिम उल्लेख गरिएको छ।

१. सहन्यायाधिवक्ता श्री सूर्यराज दाहाल, महान्यायाधिवक्ताको कार्यालय, काठमाण्डौं

- CMS Entry सम्बन्धमा जिज्ञासा
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगसंगको समन्वय गर्ने।

२. सहन्यायाधिवक्ता श्री गिताप्रसाद तिम्सिना, महान्यायाधिवक्ताको कार्यालय, काठमाण्डौं

- विशेष सरकारी वकील कार्यालयले समूदायमा सरकारी वकील कार्यक्रम यससंग सम्बन्ध हुने कार्यालयहरु संग समन्वय गरी समूदायमा लगेर जानुपर्दछ।
- कर्मचारीहरुले गर्ने काम कारवाही बारे सेसन राख्न सकिन्छ।
- साधन स्रोत जुटाउने निकायसंग Affiliation हुने।
- भवन निर्माण कार्य हेर्ने सम्बन्धमा महान्यायाधिवक्ता कार्यालयको रणनितीक योजना भित्र रही कसरी सामनज्स्य गर्ने भन्ने बिषयलाइ ध्यान दिनुपर्ने।
- आफूसंग भएको अभियोजन सम्बन्धी बिषय अरु कार्यालयहरुसंग समन्वय गरी कार्यक्रम गर्ने।

३. सहन्यायाधिवक्ता श्री गोपाल प्रसाद रिजाल, महान्यायाधिवक्ताको कार्यालय, काठमाण्डौं

- तयार भएको कार्ययोजना कार्यान्वयन योग्य रहेको।
- सूचना प्रविधि शाखालाई कसरी प्रवर्द्धन गर्ने बारे सोच्नुपर्दछ।छुट्टै शाखाको रुपमा विकास गर्ने। इन्टर्नको भरमा CMS Entry गाह्रो विषय हो।
- विभिन्न प्रकृतिका मुद्दाहरु विशेषले हेर्ने भएकोले  राजश्व सम्बन्धी मुद्दाहरुको बारेमा भएको Legal issue कस्तो छ कुन रुपमा छ हेर्नुपर्दछ। सर्वोच्च अदालतले कुन विवाद केन्द्रीत गर्ने हो सोबारे हेर्नुपर्दछ। फैसला उपर अनुमति मुद्दामा जान महान्यायाधिवक्ताको कार्यालयसंग समन्वय गर्ने।
- सर्वोच्च अदालतमा पेश गरिने अनुमति निवेदनमा केन्द्रीत गर्नुपर्ने।
- राजश्वको विषयमा विशिष्टीकरण गर्ने सम्बन्धमा जोड दिने।Joint Specialization Training Concept  शुरु गर्ने।

- स्थायी रुपमा समन्वय कसरी हुन सकिन्छ। तत् कार्यालयमा स्थायी निर्माण गर्न जरुरी छ।
- कार्यवोझ बढी भएको भन्ने विषयलाई प्रति कार्य बोझ सरकारी वकीलमा कति छ यकिन गर्ने।
- कार्ययोजना कार्यान्वयनयोग्य हुनुपर्छ।

४. सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मी, महान्यायाधिवक्ताको कार्यालय

- २०७० सालमा स्थापित विशेष सरकारी वकील कार्यालयको समीक्षा गर्ने पालो आइसकेकोले कार्यालयको समीक्षा हुनसकेको।
- स्थापना हुँदाको कार्य र जनशक्ति प्रदान गरिसकेपछि गरेको कार्यमा के फरक आयो त त्यसको समीक्षा हुनुपर्ने।
- Conviction को Part कस्तो रह यो त हेर्नपर्ने हुन्छ।
- जनशक्ति दिंदादिदै परिवर्तन तथा मुद्दामा सफलता के भयो त्यो हेर्नुपाएमा राम्रो भए राम्रो।
- delivery राम्रो प्रभावकारी हुनुपर्दछ।
- जनशक्ति बढाउने आधारमा प्रभावकारी एउटा indicator हुनसक्छ।
- भ्रष्टाचार मुद्दामा बोझ र प्रकृतिको आधार लिई मुद्दाको संख्यामा जनशक्ति बढाउनुपर्ने।
- Non-Gazetted कर्मचारीहरुको outsourcing गर्ने।
- सरकारी नीतिमा नै हरेक कार्यालयले वेभसाइट तयार गरी राख्नु पर्ने रहेकोमा वेभसाइट, सूचना प्रविधि सम्बन्धमा अलि पछाडी रहेकोले अपडेट नभएकोले त्यातिर ध्यान जानुपर्ने।
- बैंकिङ कसुर मुद्दाहरुमा चेक अनादर सम्बन्धी छुटै कानूनबाट हेर्दा हुन्छ कि जबकी नेपाल राष्ट्र वैंक र नेपाल प्रहरी यसलाई बैंकिङ कसुरबाट हटाउने पक्षमा नरहेको।
- बैंकिङ कसुर मुद्दाहरुको क्षेत्राधिकार परिवर्तन गरिदिए हुनेमा सरोकारवालासंग बसेर पुनःसोच्नुपर्ने जबकि जिल्ला अदालतमा मुद्दा लाग्दछ।
- कार्यसम्पादन स्तर मापन गर्नुपर्ने हुनाले कार्यसम्पादन स्तर कसी बढाउने हेर्ने। कर्मचारीको लामो समयसम्मको retaining गर्नको लागि भ्रष्टाचार, बैंकिङ, राजश्व सम्बन्धी क्षेत्रमा विचार गर्नुपर्ने।
- विशेष सरकारी वकील कार्यालयको स्थापना दिवसको अवसरमा संक्षिप्त कार्यक्रम गर्ने र पुरस्कृत गर्ने कार्यक्रम गरेमा अति राम्रो हुने।
- क्रियाकलापहरु थपेर गर्नुपर्ने हुन्छ।

५. सहन्यायाधिवक्ता धुव्रकुमार चौहान, महान्यायाधिवक्ताको कार्यालय, काठमाण्डौं

- व्यवसायिक बिशिष्टकृत जनशक्ति बनाइराख्ने

- Planning Structure अन्तर्गत कुन कार्यक्रम कहिले गर्ने भन्ने कुरामा केन्द्रीत गर्नुपर्ने र छुट्टै संयन्त्र बनाउनुपर्ने।
- IT Engineer को दरवन्दी कटौति नगरी कायम गरी कार्य बढाउने।
- पुस्तकालय सम्बन्धमा कार्य अगाडि बढाउने। जम्मा ५०० गोटा पुस्तक किताब व्यवस्थापनमा जोड दिनुपर्ने। मुद्दाको विषयगत क्षेत्रगत समेट्ने गरी पुस्तक राख्ने व्यवस्था मिलाउने।
- कुनै पनि विषयगत मुद्दा वा शाखामा ५ जना जनशक्ति तयार गर्ने। Panel Pleading Trend चलेकोमा सो अनुसार व्यवस्था गर्ने।
- निरन्तर सिकाइमा अलि बढी सिकाइको व्ययस्था गर्ने। १०/१५ दिनमा सिकाइ कार्यक्रम राख्ने।मुद्दाको जटिलता आउने हुनाले छलफल गरी निकाश खोज्ने कार्यहरु यस अन्तर्गत गर्ने।
- लघु अनुसन्धानमा Crime Trend Analysis बिषयहरु राखी अनुसन्धान गर्न सकिने।

६. उपन्यायाधिवक्ता श्री सूवर्णमान वनेपाली, विशेष सरकारी वकील कार्यालय

- मुद्दा तोक्दा दुई दिनमा एकपल्ट पालो आउने गरी पेशी तोक्ने व्ययस्था गर्ने।
- जनशक्ति थप गर्ने।
- भ्रष्टाचार तथा सम्पत्ति शुद्धीकरण जस्ता मुद्दाहरुको अनुसन्धान अधिकारीसंग छलफल गर्ने संयन्त्र विकास गर्ने।
- महान्यायाधिवक्ताको कार्यालयले अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त हुने भत्ताको पहल गरिदिने भनी अनुरोध गर्ने।

७. सहन्यायाधिवक्ता श्री हरिप्रसाद जोशी, महान्यायाधिवक्ताको कार्यालय, काठमाण्डौं

- शाखा संरचनाको रुपमा सूचनाप्रविधि शाखालाई पनि स्थापना गर्ने। पुस्तकालयलाई पनि सूचनाप्रविधिसंग जोडेर राख्ने।
- बयान कक्ष/ थुनुवा कक्षको निर्माण।
- रणनीतिक योजना सम्बन्धमा सरोकार निकायसंग समन्वय र सहकार्य गर्ने कुरामा हुनुपर्छ।

८. उपन्यायाधिवक्ता श्री पदमबहादुर कार्की, विशेष सरकारी वकील कार्यालय, काठमाण्डौं

- बहसमा Panel Pleading समूहकृत प्रस्तुतीकरणको अभ्यास गर्ने।
- कर्मचारीहरुको स्थायित्व सम्बन्धमा बोल्नुपर्ने।
- विशिष्टीकरण सम्बन्धी तालिममा महान्यायाधिवक्ताको धारणामा परिवर्तन गरी बिषयगत रुपमा त्यही सेक्टरमा उत्पादन गर्ने।
- वैदेशिक भ्रमणमा अवसरको आधारहरु तोक्ने।

९. उपन्यायाधिवक्ता श्री उर्मिला दाहाल, विशेष सरकारी वकील कार्यालय, काठमाण्डौं

- Computer Operator को संख्या बढाउनुपर्ने देखिन्छ।

१०. उपन्यायाधिवक्ता श्री देवेन्द्रराज आचार्य, विशेष सरकारी वकील कार्यालय, काठमाण्डौं

- मुद्दाका काम कारवाही बहस पैरवीमा Teamwork भईदिए राम्रो ।

११. शाखा अधिकृत श्री टेकनाथ अधिकारी, विशेष सरकारी वकील कार्यालय, काठमाण्डौं

- कार्यालयमा आवश्यक पर्ने सवारीसाधनहरुको व्यवस्था तत्काल गर्नुपर्ने।

छलफलमा उठेका विभिन्न जिज्ञासाहरुको सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालय, काठमाण्डौंका नायब महान्यायाधिवक्ताहरु क्रमशः श्री खगराज अधिकारी, पदमप्रसाद पाण्डेय र विश्वराज कोइरालाले जवाफ दिनुभएको थियो। ती जवाफहरु निम्नानुसार उल्लेख गरिएको छ।

१. नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला, महान्यायाधिवक्ताको कार्यालय, काठमाण्डौं

क. समूदाय सरकारी वकील कार्यक्रम भन्दा पनि सरोकारवाला निकायसंग समन्वय गरी कार्यक्रमहरु गर्ने।

ख. वैदेशिकर रोजगार सम्बन्धमा अभियोजनमा केही कमजोरी रहेकोले सुधार गरी मुद्दा चलाउने नचलाउने निर्णय समेतमा कानूनी आधारहरुको प्रयोग बढी मात्रामा प्रयोग गरी फरक ढंगले हेर्ने बानी बसाल्ने।

ग. बैंकिङ सम्बन्धी अनुसन्धान तथा अभियोजनमा नेपाल राष्ट्र बैंकसंग समन्वय गर्ने।

घ. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मुद्दाहरुको सम्बन्धमा प्राविधिक ज्ञानहरु आयोगसंग सहकार्य गरी जानेर बुझेर अगाडि बढ्ने।

२. नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, महान्यायाधिवक्ताको कार्यालय, काठमाण्डौं

- महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पंञ्चबर्षीय रणनीतिक योजनालाई आधार मानेर विशेष सरकारी वकील कार्यालयको रणनीतिक कार्यान्वयन योजना सुधार गर्दै कार्यान्वयन गर्नुपर्ने।

- सवारी यातायात साधनहरु महान्यायाधिवक्ताको कार्यालयले खरीद गर्न टेण्डर गरिसकेको र विशेष सरकारी वकिल कार्यालयलाई हेर्न सकिने ।
- स्वदेशी तथा विदेशी तालिममा कुनै पनि Biasness नराखी सबैलाई बराबर तालिम प्रदान गर्ने नीति लिइएको।
- दरवन्दी पुनरावलोकन हुँदैछ। विशेष सरकारी वकील कार्यालयको पनि प्राथमिकता राख्ने कोशिश हुँदैछ।
- विशिष्टिकृत तालिम तथा अध्ययन अनुसन्धान कार्यहरु महान्यायाधिवक्ताको कार्यालयसंग jointly गर्दा राम्रो उत्तम देखिने।
- CMS Software Entry लाई पनि महत्वका साथ हेर्ने।
- Integrated Connection जस्ता अभ्यासलाई बढावा दिने अख्तियार दुरुपयोग अनुसन्धान आयोगसंग समन्वय गर्ने।

३. नायब महान्यायाधिवक्ता श्री खगराज अधिकारी, महान्यायाधिवक्ताको कार्यालय, काठमाण्डौं

I. जनशक्तिको पदपूर्ति तथा तिनको retaining सम्बन्धमा ।
II. वृत्ति विकास र स्थायित्वले पनि बिशेष सरकारी वकील कार्यालयमा दरवन्दी परिवर्तन हुने र गर्नुपर्ने।
III. मुद्दाको बोझ अनुसार जनशक्तिको पदपूर्ति गरिने।
IV. Panel Pleading को अवधारणालाई विचार गरिने।
V. IT Engineer को व्यवस्थालाई पुर्नविचार गर्ने।
VI. विशेष सरकारी वकिल कार्यालयमा योजना शाखा गठन गर्न पहल गर्ने।
VII. विशेष सरकारी वकील कार्यालयमा आन्तरिक रुपमा अभिमुखिकरण तालिम तथा अन्य तालिमहरु दिने व्यवस्था गर्दै जाने।

अन्तमा यस कार्यक्रम संचालन गर्ने कार्य विशेष सरकारी वकील कार्यालयका उप-न्यायाधिवक्ता श्री पदमबहादुर कार्की तथा शाखा अधिकृत श्री टेकनाथ अधिकारीले गर्नुभएको थियो।

५. निष्कर्ष

विशेष सरकारी वकील कार्यालय, काठमाण्डौंको आयोजनामा दुइ दिने **×विशेष सरकारी वकील कार्यालयको वर्तमान अवस्था, सुधारका क्षेत्रहरु र भावी रणनिती"** सम्बन्धी कार्यक्रममा विशेष गरी विशेष सरकारी वकील कार्यालयले स्थापनाकालदेखि के कस्ता कार्यहरु सम्पादन गर्दै आएको छ र सोको यथार्थ जानकारी दिने, सुधारका क्षेत्रहरु के के हुनसक्छन् साथै आगामी दिनहरुमा यस

कार्यालयले के कस्ता रणनीति लिई कार्यालयलाई सुधारात्मक दिशा तर्फ लैजान सकिन्छ। प्रभावकारी रुपमा कार्यालयको कार्यसम्पादन कसरी अगाडि बढाउने भन्ने समेत उद्देश्य राखिएको थियो।

यस कार्यक्रममा कार्यालयले तयार गरेको रणनीतिक कार्यान्वयन योजना २०७६-०७७ को सफल कार्यान्वयन हुनेमा जोड दिइएको र कार्यालयलाई समग्र सुधार गरी मुद्दाहरुको अभियोजन अनुसन्धान तथा बहस पैरवीलाई व्यवसायिकतामा ढाली साखलाई प्रर्वद्धन गर्ने सम्बन्धमा प्रोत्साहन प्रदान गर्नु थियो। भविष्यमा यस कार्यलयले नयाँ शिराबाट महान्यायाधिकवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनालाई आत्मसाथ गरी आफ्नो योजनालाई कार्यान्वयन गर्नेछ र प्रभावकारिता बृद्धि गर्ने अठोठका साथ अगाडि बढ्नेछ।